नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

१३ असोज २०८१

# प्रेस वक्तव्य

२०८१ असोज १० देखि १२ गतेसम्म भएको अविरल वर्षाका कारण काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा जनधनको निकै ठूलो क्षति भएको छ । आजै पार्टीका महासचिव शंकर पोखरेलको अध्यक्षतामा केन्द्रीय कार्यालयको आकस्मिक बैठक बस्यो ।

१. बाढी, पहिरो र डुबानका कारण काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप, नुवाकोट, पाँचथर, धनकुटा, उदयपुर, सोलुखुम्बु, ईलाम, महोत्तरी, सप्तरी लगायतका जिल्लामा बाढी पहिरो र डुबानमा परी सयभन्दा बढीको ज्यान गएको छ । हालसम्म प्राप्त विवरण अनुसार एक सय जनाभन्दा बढी बेपत्ता भएको र सयौंको संख्यामा घाइते भएका छन् । यसैगरी विद्युत, खानेपानी, सडक, पुलजस्ता सार्वजनिक सम्पत्ति र व्यक्तिको निजी घर र सम्पत्तिको ठूलो क्षति भएको छ । विपदको यस दुःखद् घडीमा मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतक परिवारलाई राहत दिन, बेपत्ता भएकाहरूको अविलम्ब खोजी गर्न, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै निःशुल्क औषधिउपचार गर्न र घरबारविहीनहरूको तत्काल खोज, उद्धार, राहत र आवासको व्यवस्था गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

२. शुक्रबार र शनिबार प्रतिकूल मौसमका बाबजूद जनताको जिउज्यानको सुरक्षाका लागि नेपाल सरकारले लिएको आपतकालीन पहल, नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी लगायत खोज, उद्धार र राहतमा खटिने नेकपा (एमाले)का स्थानीय कमिटी र जनसंगठनहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

३. नेपालीहरूको महान् चाड बडादशैं नजिक आइरहेको छ । चाडपर्वको नजिक ठूलो प्राकृतिक विपत्तीको सामना गर्नुपरेको छ । पुल, सडक भत्किएका छन्, विद्युत लाइन र खानेपानी अवरुद्ध भएका छन् । यो अवस्थालाई मध्यनजर गरी अवरुद्ध सडकहरू खोल्न, मर्मत गर्न, नेपाललाई तिब्बतसँग जोड्ने अरनिको राजमार्गको



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

लार्चाको पुल, वीपी राजमार्गको पुल, मदन भण्डारी राजमार्गको पुलहरू लगायतका देशका विभिन्न भागमा बाढीले बगाएको हुँदा पुलहरू पुनःनिर्माण गर्न, जनजीवनलाई सहज बनाउन नेपाल सरकारका सम्बन्धित निकायहरूको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

४. यो विपतको घडीमा बाढी पहिरो र डुबानबाट प्रभावित भएका प्रदेश, जिल्ला र मातहतका पार्टी कमिटीहरूले निर्धारित कार्यक्रमहरू स्थगन गरी खोज, उद्धार र राहतका काममा सक्रियतापूर्वक लाग्न निर्देशित गरिन्छ ।

५. बाढी र पहिरो र डुबानले जसरी जनजीविकाको क्षति गरेको छ, त्यसैगरी नेकपा (एमाले)को ललितपुरको च्यासलमा रहेको केन्द्रीय कार्यालय डुबानमा परी निकै ठूलो क्षति पुऱ्याएको छ । कार्यालय समेत सञ्चालनमा ल्याउन अप्ठ्यारो परिरहेको, पार्टीको विपत् व्यवस्थापन विभाग र केन्द्रीय कार्यालयको संयोजनमा पार्टीको स्वयंसेवक परिचालन गरी कार्यालय भवन र परिसरको सफाई गर्ने कार्य तदारुकताका साथ गरिनेछ ।

**शंकर पोखरेल**
**महासचिव**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org